इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भानुपथ, इलाम, कोशी प्रदेश, नेपाल

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, इलाम, नेपाल २०७३

## आन्तरिक आय (नदिजन्य पदार्थ संकलन तथा बिक्रि) ठेक्का बन्दोबस्ती सम्बन्धी विद्युतिय दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मिति : २०८२/०६/०८)

इलाम नगरपालिकाको आय ठेक्का व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ (संशोधन सहित) बमोजिम यस कार्यालयले लगाउन सक्ने देहायका कर/शुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आ.व. २०८२/८३ को लागी बन्दोबस्ती गर्नुपर्ने भएकोले इच्छुक योग्य फर्म/कम्पनी लगायत सम्बन्धित सबैमा निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक विद्युतिय दरभाउपत्र आव्हानका लागी यो १५ दिने सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का सकेत नम्बर | आय ठेक्काको विवरण (नदिजन्य पदार्थ संकलन तथा बिक्रि) | जम्मा उत्खनन् गर्न मिल्ने परिमाण वार्षिक (क्युबिक फिट) | न्युनतम ठेक अंक रकम रु (मु.अ.कर सहित) | आय ठेक्का आव्हानको किसिम | दरभाउपत्र जमानत रकम तथा मान्य अवधी |
|---|---|---|---|---|---|
| Imoilam/sq/revenue /01-2082/83 | राजदुवाली माइखोला क्षेत्र वडा नं १० (राजदुवाली पुल देखि ५०० मिटर माथिको क्षेत्र) | ढुङ्गा, गिट्टी र बालुवा समेत गरी जम्मा १,९२,७४२.२८ | ११,५६,४५३/६५ | विद्युतिय दरभाउपत्र | कबोल अंकको कम्तीमा ५ प्रतिशत बापतको रकम वा बैंक ग्यारेण्टीको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तीमा ७५ दिन मान्य अवधी भएको |
| Imoilam/sq/revenue /02-2082/83 | माइखोला बेलासे क्षेत्र वडा नं ११ (बेलासे पुल देखि ५०० मिटर माथिको क्षेत्र) | ढुङ्गा, गिट्टी र बालुवा समेत गरी जम्मा १,१९,१४६.५० | ७,१४,८७९/०० | विद्युतिय दरभाउपत्र | कबोल अंकको कम्तीमा ५ प्रतिशत बापतको रकम वा बैंक ग्यारेण्टीको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तीमा ७५ दिन मान्य अवधी भएको |
| Imoilam/sq/revenue /03-2082/83 | माइबेनी दोभान वडा नं ८ (पुलबाट १२०० मिटर तलको क्षेत्र) | ढुङ्गा, गिट्टी र बालुवा समेत गरी जम्मा ३,०९,१९१.०३ | १८,५५,१४६/१५ | विद्युतिय दरभाउपत्र | कबोल अंकको कम्तीमा ५ प्रतिशत बापतको रकम वा बैंक ग्यारेण्टीको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तीमा ७५ दिन मान्य अवधी भएको |
| Imoilam/sq/revenue /04-2082/83 | पुवाखोला माथिको क्षेत्र र खोलाटार क्षेत्र समेत, वडा नं १, ३ र ४ (पुल देखि ५०० मिटर माथिको क्षेत्र) | ढुङ्गा, गिट्टी र बालुवा समेत गरी जम्मा १७,२६६.१५ | १,०३,५९६/९० | विद्युतिय दरभाउपत्र | कबोल अंकको कम्तीमा ५ प्रतिशत बापतको रकम वा बैंक ग्यारेण्टीको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तीमा ७५ दिन मान्य अवधी भएको |

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु

१) दरभाउपत्र फारम यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजेभित्र दरभाउपत्र खरिद दस्तुर बापतको रकम रु ३००० (तीन हजार) फिर्ता नहुने गरी इच्छुक फर्म वा कम्पनीको नामबाट स्थानीय तह राजस्व पोर्टल (https://sutrarevenue.fcgo.gov.np) यस नगरपालिकाको नाममा राजस्व दाखिला गरी वा नेपाल बैंक लिमिटेड, इलाम शाखामा रहेको इलाम नगरपालिकाको आन्तरिक राजस्व खाता नं : ०४००३०००००१००१००००००१ मा राजस्व शिर्षक नं १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) बापत रकम जम्मा गरी नेपाल सरकारको विद्युतिय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) मार्फत प्रस्ताव फारम प्राप्त गर्न सकिनेछ । दरभाउपत्र आव्हान, पेश गर्ने र प्राप्त दरभाउपत्रहरु खोल्ने प्रकृयाका लागि मात्र विद्युतिय खरिद प्रणालीको प्रयोग गरिनेछ ।

२) दरभाउपत्रदाताले दरभाउपत्रका साथ चालु आ.व. को नविकरण सहितको फर्म/कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय/इजाजत सम्बन्धी प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र र आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र वा कर विवरण दाखिला गर्ने म्याद थप गरेको प्रमाणहरुको स्क्यान कपी विद्युतिय खरिद प्रणाली मार्फत अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

३) एक फर्म/कम्पनीको नामबाट दरभाउपत्र खरिद गरी अर्को फर्म/कम्पनीको नामबाट दरभाउपत्र दाखिला गर्न पाइनेछैन । दरभाउपत्र पेश गर्दा दरभाउपत्र खरिद दस्तुर बुझाएको भौचरको सक्कलै स्क्यान कपी अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

४) सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली (EGP) अन्तर्गत ITB 12.1 तथा बोलपत्र सम्वन्धी कागजातमा बोलपत्र जमानत रकम जे जति उल्लेख भएको भएता पनि दरभाउपत्र फारमका साथ आफुले कबोल गरेको रकमको कम्तीमा ५ प्रतिशत बराबरको रकम इलाम नगरपालिकाको नेपाल बैंक लिमिटेड, इलाम शाखामा रहेको धरौटी खाता नं : ०४००३०००००३००००००००१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तीमा ७५ दिन मान्य अवधी भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको निशर्त बैंक ग्यारेण्टी (विड वन्ड) को सक्कलै स्क्यान कपी अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

५) पेश भएका दरभाउपत्रहरु यस सूचना प्रकाशन भएको मितिले १६औं दिन दिनको १२:१५ बजे विद्युतिय खरिद प्रणाली मार्फत यस कार्यालयमा खोलिनेछ ।

६) दरभाउपत्रहरु खोल्दा दरभाउपत्रदाता स्वयं वा निजको आधिकारिक प्रतिनिधी तथा आमन्त्रित अन्य प्रतिनिधीहरु समेतको रोहवरमा खोलिनेछ । कुनै कारणवश उक्त मिति तथा समयमा दरभाउपत्रदाता स्वयमं वा निजको आधिकारिक प्रतिनिधी उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

७) यस कार्यालयले विगत वर्षहरुमा लगाइएको आय ठेक्काहरुको बक्यौता रकम बुझाउन बाँकी रहेका फर्म/कम्पनीहरुले दरभाउपत्र पेश गरेको पाइएमा निज फर्म/कम्पनीहरुले पेश गरेको दरभाउपत्रलाइ मुल्यांकनमा समावेश गरिने छैन ।

८) दरभाउपत्र स्वीकृत भए पछि दरभाउपत्रदाताले कबोल गरे अनुसारको स्विकृत वार्षिक ठेक्का रकमको एक तिहाइ बराबरको रकम यस कार्यालयको नाममा तोकिएको बैंक खातामा जम्मा गरी सो को सक्कल भौचरका साथ स्विकृत वार्षिक ठेक्का रकमको बाँकी दुइ किस्ता वापतको रकम यस कार्यालयको नाममा तोकिएको बैंक खातामा जम्मा गरी सो को सक्कल भौचर वा सो रकम बराबरको चालु आ.व. को अवधी भन्दा एक महिना थप समयावधी भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको निशर्त बैंक ग्यारेण्टी (कार्य सम्पादन जमानत) पेश भएपछि मात्र ठेक्का सम्बन्धी सबै शर्त खुलाइ इलाम नगरपालिकाको आय ठेक्का व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ (संशोधन सहित) को अनुसुचि ०२ बमोजिम सम्बन्धित दरभाउपत्रदातासँग कबुलियत/सम्झौता गराई अनुसुचि ०३ बमोजिम पट्टा/कायदेश दिइनेछ । कबोल गरिएको रकम एकमुष्ठ कार्यालयमा बुझाएमा कार्यसम्पादन जमानत आवश्यक पर्ने छैन ।

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, इलाम, नेपाल २०७३

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

९) नदिजन्य पदार्थहरुको उत्खनन् सम्वन्धी सम्झौताको अवधि सम्झौता भएको मिति देखि लागु भइ २०८३ जेठ मसान्तसम्म मात्र रहनेछ । सम्झौता मिति देखि २०८३ जेठ मसान्तसम्मको अवधिलाइ बार्षिक ठेक्का अवधि मानिनेछ । जहिले सुकै सम्झौता भएतापनि चालु आ व को सम्झौता मिति अघिको अवधिको तिर्नु पर्ने ठेक्का रकम छुट दावी गर्न पाइने छैन ।स्विकृत दरभाउपत्रदाताले सम्झौता बमोजिम नगरपालिकाले तोकिएको स्थानबाट तोकिएको परिमाण तथा दररेटमा मात्र नदिजन्य पदार्थ संकलन तथा बिक्रि गर्नुपर्नेछ ।

१०) प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई नियमानुसार तिर्नु/बुझाउनुपर्ने कर/दस्तुर लगायतका सम्पुर्ण दायित्वहरु दरभाउपत्रदाताले स्वयं व्यहोर्नुपर्नेछ ।

११) दरभाउपत्र कागजातमा कुनै त्रुटी (भाषागत समेत) भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन/संशोधन गर्न बाधा पर्नेछैन ।यस्तो किसिमको संशोधन गर्नुपरेमा विद्युतिय खरिद प्रणाली मार्फत नै आवश्यक संशोधन गरिनेछ ।सो को जानकारी यस कार्यालयको आधिकारिक वेभसाइट, फेसबुक पेज मार्फत सूचना सम्प्रेषण समेत गरिनेछ ।

१२) कार्यालयको हितलाइ ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा प्रकृया नै रद्ध गर्ने समेतको सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेको छ । दरभाउपत्र प्रकृयामा कुनै बाधा अड्चन आइपरेमा वा प्रस्तावदाता र कार्यालयबिच अष्पष्टता भएमा प्रचलित नियम तथा कानुन र नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

१३) यस कार्यसंग सम्वन्धित विस्तृत जानकारीको लागी नेपाल सरकारको विद्युतिय खरिद प्रणाली (https://bolpatra.gov.np/egp), इलाम नगरपालिकाको आधिकारिक वेभ साइट (https://ilammun.gov.np), फेसबुक पेज, सूचना पाटि तथा कार्यालय समयमा यस कार्यालयको पूर्वाधार विकास महाशाखा वा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, इलाम, नेपाल
२०७३

..................................

गणेश कुमार खड्का
प्रमुख प्रशासकिय अधिकृत

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत